**प्रस्तावको आह्वानः नेपालमा प्राकृतिक स्रोत व्यवस्थापन र हरित आर्थिक वृद्धिलाई समेट्न संचारमाध्यमका लागि अनुदान २०२५**

इन्टरन्यूज अर्थ् जर्लिज नेटवर्क (इजेएन) ले प्राकृतिक स्रोत व्यवस्थापन र हरित आर्थिक वृद्धिसम्बन्धी रिपोर्टिङ उत्पादन तथा नयाँ कार्यक्रमका लागि सहयोग पु¥याउन नेपालका सञ्चार माध्यमलाई प्रति मिडिया ४,५०० युरोका दरले छ वटा अनुदान प्रदान गर्नेछ ।

*योग्यता र आवेदन प्रक्रियाको बारेमा महत्त्वपूर्ण जानकारी निम्न खण्डहरूमा उल्लेख छन् । कृपया, आवेदन भर्नुपुर्व निम्न खण्डहरू ध्यानपूर्वक पढ्नुहोस् ।*

**सारांश**

नेपालमा अव्यवस्थित विकासका गतिविधि र  प्राकृतिक स्रोतहरूको अनियन्त्रित दोहनका कारण बर्षेनी प्राकृतिक प्रकोपका घटनाहरू बढ्दैछन् । जलवायुजन्य प्रकोपहरू - जस्तै तराई क्षेत्रमा हालैको खडेरी, रसुवा, लिमी उपत्यका, थामे लगायतका हिमाली क्षेत्रहरूमा हिमनदीजन्य बाढीका घटना, अत्यधिक वर्षाका कारण सुदूरपश्चिममा आएको बाढी लगायतका समस्या -  सरकारका लागि दिन प्रतिदिन चुनौतीपूर्ण बन्दै गइरहेका छन्, जसको समाधान गर्नु अत्यावश्यक छ ।

अध्ययनहरूले पनि देखाएका छन् कि सन् २०५० सम्ममा नेपालले जलवायु परिवर्तनको असरका कारण वार्षिक कुल गार्हस्थ उत्पादन (जीडीपी) को २.२ प्रतिशतसम्म गुमाउन सक्नेछ । यी जोखिमहरू बीच प्रभावकारी प्राकृतिक स्रोत व्यवस्थापन र हरित विकास  अत्यन्तै जरुरी छ, तर व्यापक भ्रष्टाचार र नीति तथा कार्यक्रमहरूको फितलो कार्यान्यवनका कारण नागरिकको अपेक्षा अनुसारको काम हुन नसक्दा जन-असन्तुष्टि बढ्दै गएको छ ।

सन् २०१५ को नयाँ संविधानपछि संघीय शासन प्रणाली अंगीकार  गरेसँगै  नेपालले  प्राकृतिक स्रोतहरुको व्यवस्थापनका  जिम्मेवारी तीन तह - संघ, प्रदेश र स्थानीय सरकारहरूमा बाँडफाँड गरेको छ । यो परिवर्तनले स्थानीय सरकारलाई थप वित्तीय अधिकार प्रदान गर्दै निर्णय प्रक्रियालाई विकेन्द्रीकृत गर्ने र उत्तरदायित्वलाई बढवा दिने अवसर दिएको छ । यसको परिणामस्वरुप, प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धित जस्तै -  वन व्यवस्थापन, पूर्वाधार निर्माण, खानी र खनिज व्यवस्थापन, वातावरण संरक्षण र प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी को वितरण - सम्बन्धित कानुन तथा नियमहरू निर्माण गरिएका छन् वा संशोधनको प्रक्रियामा रहेका छन् ।

साथै, सरकारहरू  र अन्तर-सरकारी निकायहरू बीच जिम्मेवारी र कामहरू दोहोरिएको वा  एक आपसमा बाझिएका कारण अन्तर-सरकारी विवाद र क्षेत्रगत नीतिहरू बीच विरोधाभासका घटनाहरू देखा पर्न थालेका छन् । यसका लागि संघ, प्रदेश र स्थानीय तहले नदी, कृषि भूमि, खानी र खनिज, पर्वत र पर्यावरण, वन जस्ता प्राकृतिक स्रोतको दिगो उपयोग गर्न र त्यसबाट प्राप्त हुने राजस्वलाई न्यायसंगत रूपमा बाँडफाँड गर्न मिलेर काम गर्न आवश्यक छ साथै राज्यबाट थप जवाफदेहिता र पारदर्शिता आवश्यकता देखिन्छ ।

यस्तो अवस्थामा, जबाफदेहता र उत्तरदायित्वलाई सुधार गर्न, नेपालका सञ्चार माध्यमहरूले देशको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी समाचार प्रकाशन-प्रसारणलाई अझ फराकिलो बनाउनु अत्यन्त आवश्यक छ । त्यसले जन-चेतना अभिवृद्धि हुने र यी विषयहरूमा प्रभावकारी नीतिगत कदम चाल्न दबाब सिर्जना गर्न सहयोग पुर्याउनेछ ।

यस आवश्यकतालाई पूरा गर्न इन्टरन्यूज अर्थ् जर्नालिज्म  नेटवर्क (ईजेएन) ले नेपालका संचारमाध्यमलाई ६ वटा अनुदान (प्रत्येक ४,५०० युरो) र मेन्टरशिप प्रदान गर्नेछ । यो अनुदान मिडिया फर इन्क्लुसिभ ग्रीन ग्रोथ इन नेपाल (एमआईजीजी) परियोजना र इजेएनको एसिया–प्यासिफिक परियोजना अन्तर्गत युरोपियन युनियन र सिडाको आर्थिक सहयोगमा प्रदान गरिनेछ ।

## विषयवस्तु र उद्देश्यहरू

यी अनुदानको उद्देश्य नेपालका सञ्चार माध्यमहरूको क्षमता अभिवृद्धि गर्नु हो । यो अनुदानले हरित आर्थिक वृद्धि र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी नवीन र समाधानमुखी जानकारी सर्वसाधारण र नीति निर्माताहरूसम्म पुर्याउन सहयोग पुग्नेछ।

आवेदकहरुले यो अनुदान रकम यस्ता विषयहरूमा ध्यान केन्द्रित गर्ने नयाँ कार्यक्रमहरू, स्तम्भहरू वा खोजमुलक खण्डहरु सुरु गर्नका लागि लक्षित वा हाल चलिरहेका लोकप्रिय कार्यक्रमहरूमा यी विषयहरूलाई समेट्नका लागि प्रयोग हुने गरी आवेदन दिन सक्नेछन् । छनोट भएका संचारमाध्यमहरूले अनुदान अवधिभर आफ्नो नयाँ कार्यक्रम डिजाइन गर्नेछन्, जसअनुसार कम्तीमा दुईवटा कार्यक्रम वा सामाग्री उत्पादन गर्नुपर्नेछ ।

पहिलो चरणका अनुदान प्राप्तकर्ताहरूले उत्पादन गरेका सामग्रीहरूलाई आधार बनाएर, अब हामीले निम्नलिखित (*यि विषयमा मात्र सिमित हुनुपर्छ भन्ने छैन*) विषयहरुमा जानकारी प्रदान गर्ने, सञ्चार कार्यक्रमका अवधारणाहरूको खोजीमा छौं:

- कमजोर प्रशासन र अक्षम बजेट वितरणका कारण प्राकृतिक स्रोतहरूमा प्रभाव
- प्राकृतिक स्रोत व्यवस्थापनमा भएको भ्रस्टाचार र वेथिति उजागर गर्ने; देशको हरित आर्थिक वृद्धिमा बाधा पु¥याउने अभ्यासहरूको पहिचान गर्ने
- नियोजनविहीन र/वा निगरानीविनाका विकासका  गतिविधिहरूले - नदी पारिस्थितिक प्रणाली र जलीय जैविक विविधतामा जलविद्युत परियोजनाहरूको प्रभाव, पर्वतीय पारिस्थितिक प्रणालीमा पूर्वाधार विकासको प्रभावआदि - साथै, नागरिकहरूको जीविकोपार्जनमा पार्ने प्रभावहरू
- नेपालको प्राकृतिक स्रोतसाधनलाई अझ प्रभावकारी रूपमा व्यवस्थापन गर्न सरकारी रणनीति, नीति र सम्भावित मापनयोग्य/विस्तारयोग्य समाधानहरू
- योजना, नीति र कार्यक्रमहरू अन्तर-सरकारी तथा अन्तर-विभागीय द्वन्द्व/विरोधाभासहरूको अथवा ले प्राकृतिक स्रोत शासन र हरित विकासमा पार्ने प्रभाव
- आदिवासी र स्थानीय सामुदायिक अभ्यास र प्रयासहरू जसले हरित आर्थिक वृद्धिलाई बढावा दिन्छ र जलवायु उत्थानशीलतालाई सहयोग गर्दछ
- प्राकृतिक स्रोत व्यवस्थापनमा जवाफदेहिता र पारदर्शिताको खोजी

पहिलो संस्करणमा छनोट भएका आवेदनको बारेमा यो लिंकमा अध्ययन गर्न सक्नुहुन्छ ।

हामी विशेष गरी सीमान्तकृत, महिला र अल्पसङ्ख्यक समुदायको आवाज र दृष्टिकोणलाई बढाउने, रचनात्मक संवादका लागि ठाउँ सिर्जना गर्ने र समुदायहरूलाई अझ राम्रो तरिकाले सूचित गर्ने संचार सामाग्री उत्पादनहरूलाई सहयोग गर्न उत्सुक छौं । त्यस्ता सामाग्रीहरूले सार्वजनिक खबरदारी र जनदवाब दिदै नीति निर्माताहरूलाई ठोस कदम चाल्न सहयेग गर्नेछ ।

## अनुदान रकम र सामग्री

प्रतिस्पर्धाबाट छानिएका ६ वटा संचारसंस्थाहरूलाई ४,५०० यूरोको दरले अनुदानको सहयोग गरिनेछ ।

छनोट भएका सञ्चार माध्यमले अनुदान अवधिभर आफ्नो क्षमता अभिवृद्धि गर्न वरिष्ठ पत्रकार वा विषयविज्ञबाट थप सहयोग प्राप्त गर्नेछन् ।

यो प्रस्ताव आह्वानको नतिजा, सफल आवेदकहरूलाई अगस्ट २०२५ मा सूचित गर्नेछौ र काम सेप्टेम्बर २०२५ देखि सुरु हुनेछ। आयोजनाहरू फेब्रुअरी २०२६ को अन्त्यसम्ममा (६ महिनाभित्र) सम्पन्न गरिसक्नु पर्नेछ। आवेदकहरूले आफ्नो कार्य योजना विकास गर्दा यस समयसीमालाई विचार गर्नुपर्छ।

सबै आवेदकहरूले अनुदान रकम कसरी विनियोजन हुन्छ भन्ने व्याख्या सहितको एक साधारण बजेट *यो टेम्प्लेट* प्रयोग गरि पेश गर्नुपर्नेछ। आवेदकहरूले उपकरण खरीद गर्न अनुदानको थोरै हिस्सा प्रयोग गर्न सक्दछन् तर उपकरणले अपेक्षित नतिजा ल्याउन कसरी योगदान पुर्याउदछ भनेर स्पष्ट रूपमा बताउनुपर्छ।

आवेदकहरूलाई प्रस्तावित गतिविधिहरूको लागि सह-वित्तपोषण बढाउन प्रोत्साहित गरिन्छ, तर यो नै छनोटको आधार भने हुनेछैन। यदि तपाईले कुनै सह-वित्तपोषण प्राप्त गर्नुभएको छ भने कृपया तपाईको आवेदनमा रकम र स्रोत उल्लेख गर्नुहोस्।

इन्टरन्यूज (ईजेएन) र यसका साझेदार लगायत सहयोग गर्ने दातालाई ती सामग्रीहरू प्रकाशन, प्रसारण र पुन वितरण गर्ने अधिकार दिनुपर्नेछ।

**ईजेएन समर्थनको स्वीकृति:**

प्रकाशित कार्यले यो ट्यागलाइन समावेश गर्नुपर्नेछ: *"यो कथा इन्टरन्यूज अर्थ जर्नालिजम् नेटवर्कको सहयोगमा उत्पादन गरिएको हो।"*

**योग्यता**

नेपालका पत्रपत्रिका, अनलाइन मिडिया, रेडियो, टेलिभिजन, मल्टिमिडिया प्लेटफर्म, सोसल मिडिया च्यानल लगायत सञ्चार माध्यमले आवेदन दिन सक्नेछन्। नोट: पहिलो संस्करण (२०२४)मा छनोट भएका आवेदकहरुको आवेदन मान्य हुने छैन।

आवेदकहरुले माथि उल्लिखित विषयहरूमा नयाँ मिडिया सामाग्री जस्तै खेजमुलक समाचार, नयाँ कार्यक्रम प्रस्ताव गरि कम्तिमा दुई एपिसोड वा खण्डहरू परियोजना अवधिभित्र उत्पादन गरिसक्नुपर्नेछ। एक संचारमाध्यमले एउटामात्रै प्रस्ताव अवेदन दिन पाउनेछ।

यो प्रस्ताव आवेदन प्रयोजनका लागि हामीले अङ्ग्रेजी र नेपाली भाषामा मात्र आवेदन स्वीकार गर्नेछौं। तर आवेदकहरूले नेपालमा बोलिने कुनै पनि भाषामा संचार सामाग्रीहरु उत्पादन गर्न सक्नेछन्।

आवेदकहरूले आफ्नो प्रस्तावहरूको विकासमा कुनै जेनेरेटिव एआई प्रविधी प्रयोग भएको छ भने त्यसको बारेमा पारदर्शी हुन आवश्यक छ। यदि कुनै आवेदक अनैतिक वा अनुचित व्यावसायिक आचरणमा संलग्न भएको पाइएमा, जस्तै साहित्यिक चोरी र एआई-उत्पन्न सामग्री लाई आफ्नै सामाग्रीको रूपमा प्रस्तुत गरेको पाइएमा वा अन्य बौद्धिक सामाग्रीको चोरी गरेको पाइएमा, त्यस्ता आवेदकहरूलाई ईजेएनले सम्झौता रद्द गर्न वा अयोग्य बनाउने अधिकार सुरक्षित राख्छ।

**मूल्यांकन मापदण्डहरु**

हामीले प्राप्त गर्ने सबै आवेदनहरू विशेषज्ञ र पत्रकारहरूको एक प्यानलद्वारा समीक्षा र छलफल गरिन्छ जसमा इन्टरन्यूजका कर्मचारी र वातावरण पत्रकार समेत समावेश हुनेछन्।

आवेदनहरू निम्न मूल्यांकन मापदण्डहरू प्रयोग गरेर मूल्यांकन गरिनेछ:

- प्रस्तावको समग्र गुणस्तर;
- यस अनुदान कार्यक्रमको उद्देश्य र प्राथमिकताहरूमा योगदान गर्न प्रस्तावित परियोजनाको सान्दर्भिकता;
- प्रस्तावित परियोजनाको/कार्यक्रमको सम्भावित प्रभाव;

- परियोजना/कार्यक्रम डिजाइनको गुणस्तर र प्रभावकारिता सहित;
- प्रस्तावित गतिविधिहरूको नवीन विशेषताहरू;
- अनुदान अवधि पछि कार्यक्रमहरूको दिगोपन;
- प्रस्तावित गतिविधिको वित्तीय रलागत-प्रभावकारिता;
- प्रस्तावित कार्यक्रम सम्पन्न गर्न आवेदकको क्षमता।

**आवेदन दिने प्रक्रिया:**

१. यस पृष्ठको माथि-दायाँपट्टि रहेको "***आवेदन दिनुहोस् (Apply Now)"*** बटन क्लिक गरेर अनलाइन आवेदन फारम भर्नुहोस् ।

२. यदि तपाईसँग पहिले नै खोलेको खाता छ भने, तपाईले लग इन (L*og-in*) गर्न आवश्यक छ। यदि छैन भने, तपाईले यस पृष्ठको माथि-दायाँपट्टि "***लग इन (Log in)***" क्लिक गरेर खाता खोल्नु=पर्नेछ र खुल्ने पृष्ठको तल "***साइन अप (Sign up)***" लिङ्कमा क्लिक गर्नुहोस्। खाता कसरी खोल्ने भन्ने विस्तृत निर्देशनका लागि ***यहाँ क्लिक*** गर्नुहोस्, र तपाईँको पासवर्ड कसरी रिसेट गर्ने भन्ने बारेमा विस्तृत निर्देशनका लागि ***यहाँ क्लिक*** गर्नुहोस्।

३. यदि तपाई आफ्नो आवेदन सुरु गर्नुहुन्छ र यसलाई पछि पूरा गर्न चाहानुहुन्छ भने तपाई "***ड्राफ्ट सुरक्षित गर्नुहोस् (Save Draft)***" क्लिक गरेर आफ्नो आवेदन सुरक्षित गर्न सक्नुहुन्छ। आफ्नो आवेदनको ड्राफ्टमा पुन: फर्कन, तपाईले प्रस्ताव आवहानको मुख्य पृष्टमा फर्कनुहोस्र आवेदनलाई अन्तिम रूप दिन फेरि "***आवेदन दिनुहोस् (Apply Now)***" क्लिक गर्नुहोस् ।

सबै आवेदकहरूले अनुदान रकम कसरी विनियोजन हुन्छ भन्ने व्याख्या सहितको एक साधारण बजेट पेश गर्नुपर्दछ। बजेट टेम्प्लेट डाउनलोड गर्न ***यो लिङ्कमा*** क्लिक गर्नुहोस्। नोट*: तपाईले आवेदन प्रक्रिया सुरु गरेपछि तपाईलाई यी सहायक कागजातहरू अपलोड गर्न सोधिनेछ, त्यसैले कृपया ति कागजात पहिले नै तयार पार्नुहोस्।*

*यदि तपाईलाई आफ्नो आवेदन पेश गर्न कठिनाइ भएमा वा अनुदानको बारेमा प्रश्नहरू भएमा कृपया info.ejn@internews.org मा इमेल गर्नुहोस्। यस प्रस्तावको बारेमा कुनै पनि अन्य इन्टरन्यूज इमेलमा सम्पर्क नगर्नुहोस्, किनकि ति इमेलहरु हामीले प्राप्त गर्नेछैनौ।*

*म्याद सकिएपछि पेश गरिएका आवेदनहरू मान्य हुने छैन।*

*ब्यानर चित्र (Banner Image): बढ्दो जलवायुजन्य विपद्हरूका कारण नेपालले हरेक बर्ष जनजीवन, जीविकोपार्जन र पूर्वाधारमा ठूलो विनाशकारी क्षति भोग्नुपरेको छ। प्राकृतिक स्रोतहरूको कुशासन र अनियन्त्रित दोहनले यस्ता जोखिमहरूलाई अझ तीव्र बनाइरहेको छ। / फोटो सौजन्य: Y. Hila फ्लिकर बाट*

**मिडिया आउटलेटहरूको लागि अनुदान आवेदन फारम**

*अनुवाद: यो आवेदन फारम **अंग्रेजी भाषामा** पनि उपलब्ध छ। अन्य भाषाहरूमा आवेदनहरू मान्य हुने छैन।*

**तपाईको संस्थाको बारेमा:**

१. संस्थाको नाम:*
२. स्थापना वर्ष:*
३. के तपाईको संस्था कानुनी रूपमा दर्ता गरिएको छ? *
   a. छ
   b. छैन
४. के तपाईको संस्थाको बैंक खाता छ? *
   a. छ
   b. छैन
   c. यदि छ भने, कृपया बैंक खाताको विवरण प्रदान गर्नुहोस्।
५. भौतिक ठेगाना:*
   a. देश:
   b. स्थाही ठेगाना:
   c. शहर:
   d. पोस्टल कोड:
६. वेबसाइट र / वा सामाजिक मिडिया ह्यान्डलहरू:
७. तपाईको संस्थाको संक्षिप्त विवरण दिनुहोस्। कृपया तपाईको संस्थाको इतिहास, मिशन र उदेश्यहरुको वर्णन गर्नुहोस्। साथै वर्तमान परियोजनाहरू र गतिविधिहरू, लक्षित सरोकारवालाहरू र अनुमानित पहुँच पनि उल्लेख गर्नुहोस्। *१०० शब्द**
८. संस्थाको नेतृत्व गर्ने व्यक्तिको नाम र शीर्षक:*
९. बोर्डका सदस्य वा ट्रस्टीहरूको नाम:
१०. तलबी कर्मचारीको संख्या: *
११. स्वयंसेवकहरूको सङ्ख्या:
१२. के तपाईका कुनै पनि परियोजना, गतिविधि वा कथाहरूले कुनै सकारात्मक नीति र सामाजिक परिवर्तनहरू निम्त्याएका छन्? भएमा कृपया केही उदाहरणहरू दिनुहोस् र तपाईको कामले परिवर्तनमा कसरी योगदान पुर्याएको छ भनेर व्याख्या गर्नुहोस्। *२०० शब्द**
१३. तपाई (संस्था) कहाँबाट अनुदान प्राप्त गर्नुहुन्छ (गर्दछ) ? कृपया तपाईको मुख्य अनुदान दाताहरूको नाम लेख्नुहोस् र यदि तपाईले पहिले अन्तर्राष्ट्रिय अनुदान प्राप्त गर्नुभएको छ भने व्याख्या गर्नुहोस्। *

**तपाईको परियोजनाको बारेमा**

१४. परियोजनाको शीर्षक: *
१५. [चेक बक्स] कृपया आफ्नो परियोजना छ महिना सम्ममा सम्पन्न हुन्छ भनेर पुष्टि गर्नुहोस्।*

१६. परियोजनाको विवरण: कृपया निम्न प्रश्नहरूको जवाफ दिनुहोस्। परियोजनाको मुख्य गतिविधिहरू के के हुन्? यी गतिविधिहरू प्रस्तावहरूका लागि आह्वानमा उल्लिखित विषयवस्तुहरूसित कसरी सान्दर्भिक छन्? लक्षित सरोकारवालाहरू र / वा लाभग्राहीहरू को को हुन्? यो परियोजनालाई अनुदान प्रधान गर्नु पर्ने कारण? *८०० शब्द**

१७. परियोजना उद्देश्यहरू: कृपया आफ्नो प्रस्तवित परियोजनाको समग्र उद्देश्यहरू उल्लेख गर्नुहोस् र ती उद्देश्यहरूको प्रस्ताव आह्वानमा निर्दिष्ट गरिएका उद्देश्यहरूसँग तिनीहरूको सान्धर्भिकता दर्शाउनुहोस्। *२०० शब्द**

१८. प्रस्तावित गतिविधिहरूको स्थान: कृपया गतिविधिहरू हुने प्रदेश/क्षेत्रहरू उल्लेख गर्नुहोस्।*

१९. कार्यान्वयन समयरेखा: कृपया प्रत्येक गतिविधि पूरा गर्न अपेक्षित समय उल्लेखित एक संक्षिप्त समयरेखा प्रदान गर्नुहोस्। *१०० शब्द**

२०. अपेक्षित उपलब्धिहरु: कृपया यस परियोजनाको परिणामको रूपमा तपाईले उत्पादन गर्ने योजना वर्णन गर्नुहोस्। तपाईको परियोजनाले उत्पादन गर्ने अपेक्षा गर्नुभएको प्रत्येक आउटपुट/उपलब्धिको सङ्ख्या पनि समावेश गर्नुहोस्। *२५० शब्द**

२१. अपेक्षित परिणामहरू: कृपया यस परियोजनाको माध्यमबाट तपाईले प्राप्त गर्ने लक्ष्य राख्नुभएको परिणामहरू वर्णन गर्नुहोस्। यस परियोजनाको कारण तपाईको लक्षित सरोकारवाला वा लाभग्राहीहरूले कस्तो सीप वा ज्ञान प्राप्त गर्नेछन्? यस परियोजनाले स्थानिय समुदाय, नीति निर्माता वा अन्य सरोकारवालाहरूमा कस्तो प्रभाव पार्छ जस्तो तपाईंलाई लाग्छ? *२५० शब्द**

२२. अनुगमन र मूल्यांकन योजना: तपाईले उत्पादन गरेका सामाग्रीहरूको अनुगमन, परिणामहरू मापन, र यस परियोजनाको परिणामहरूको मूल्यांकन कसरी गर्नुहुनेछ? कृपया वर्णन गर्नुहोस्। *२५० शब्द**

२३. सामाग्रीहरुको प्रचार-प्रसार: यस परियोजनामार्फत उत्पन्न आउटपुटहरू तपाईले कसरी प्रवर्धन र प्रचार गर्नुहुनेछ, कृपया व्याख्या गर्नुहोस्। *१०० शब्द**

२४. सीमान्तकृत समूहहरूको समावेशीकरण: तपाईंको परियोजनाले महिला, युवा, आदिवासी, जातीय अल्पसंख्यक, एलजीबीटीक्यूआईए + समुदायका सदस्यहरू र अपाङ्गता भएका व्यक्तिहरू जस्ता सीमान्तकृत समूहहरूलाई परियोजना गतिविधिहरूमा भाग लिन वा लाभ लिन कसरी सुनिश्चित गर्दछ भनेर व्याख्या गर्नुहोस्। परियोजना कार्यान्वयनमा समावेशीकरणलाई कसरी प्राथमिकता दिनुहुन्छ? *३०० शब्द**

२५. सार्वजनिक स्वास्थ्य प्रभावहरू: के तपाईको प्रस्तावित परियोजनामा कोभिड-१९ वा अन्य संक्रामक रोगको प्रकोपबाट, प्रभावित हुन सक्छ? यदि त्यसो हो भने, कृपया यसलाई कसरी कम गर्ने योजना बनाउनुभएको छ, कृपया व्याख्या गर्नुहोस्। *१०० शब्द**

२६. कृपया तपाईको प्रस्तावित बजेट अपलोड गर्नुहोस्: सबै आवेदकहरूले आवेदन फारमको साथ एक साधारण बजेट पेश गर्न आवश्यक छ, जस्ले माग गर्नु भएको रकम कसरी खर्च गरिनेछ भनेर व्याख्या गर्दछ। कृपया तपाईको परियोजना बजेट निर्माण गर्न यो ***टेम्प्लेट डाउनलोड*** गर्नुहोस् र यसलाई तल अपलोड गर्नुहोस्। अन्य बजेट ढाँचाहरू र / वा ४,५०० यूरो भन्दा बढी बजेटहरू स्वीकार गरिने छैन।*

२७. के तपाईले यस परियोजनाको लागि कुनै अतिरिक्त आर्थिक स्रोत प्राप्त गर्नुभएको छ?

a. छ
b. छैन
c. यदि छ भने, कृपया व्याख्या गर्नुहोस्।

२८. कुनै पनि अतिरिक्त जानकारी / कागजातहरू जस्ले तपाईको आवेदनलाई समर्थन गर्दछ।

**सम्पर्क विवरण:**

२९. प्राथमिक सम्पर्क व्यक्तिको नाम:

३०. प्राथमिक सम्पर्क व्यक्तिको इमेल ठेगाना:

**गोपनीयता नीति**

३१. [चेकबक्स] कृपया पुष्टि गर्नुहोस् कि तपाईले हाम्रो ***गोपनीयता नीतिका सर्तहरू*** पढ्नुभएको छ र सहमत हुनुभएको छ।*

३२. [चेकबक्स] म यो प्रस्ताव तयार गर्न वा तयारीमा जेनेरेटर एआई नामक कम्प्युटर प्रोग्रामको प्रयोग गरेको प्रकट गर्दछु।